# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल

च.नं. १२५४
प.सं. ०७७/०७८

मिति: २०७७/०९/०८

विषय: शैक्षिक कार्यक्रम कार्यान्वयनको लागि ।

श्री कैफियतमा उल्लेखित सामूदायिक विद्यालयहरू ।
मालारानी गाउँपालिका, अर्घाखाँची ।

आ.व. २०७७/०७८ को शैक्षिक कार्यक्रम कार्यान्वयनको सन्दर्भमा तपशिलमा उल्लेख भएअनुसार हुनको लागि अनुरोध छ ।

तपशिल:

| क्र.स. | कार्यक्रम | विस्तृत व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | शिक्षण सिकाइ सहयोग अनुदान (गाउँपालिका) | विद्यार्थी संख्या, शिक्षक दरवन्दी संख्या, सञ्चालित कक्षा, विद्यालयको आर्थिक अवस्था लगायतका आधारमा आवश्यकता तथा औचित्यता पुष्ट्याँइ गरी शिक्षण सिकाइ सहयोग अनुदान माग गर्नको लागि मिति २०७७/०९/१४ गतेभित्रमा यस कार्यालयमा प्रस्ताव पेश गर्ने । | गत वर्ष यस प्रकृतिको अनुदान प्राप्त गरेका तथा माध्यमिक र आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालयलाई प्राथमिकता |
| २ | WASH सुविधा भएको शौचालय निर्माण अनुदान (SSDP) | विद्यालय भवन स्थानान्तरण वा पुनर्निर्माणको कारण शौचालय नभएका विद्यालयले २०७७/०९/१४ गतेभित्रमा यस कार्यालयमा मागपत्र पेश गर्ने । | व्यहोरामा उल्लेखित विद्यालयहरु |
| ३ | विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना तथा व्यवस्थापन, शिक्षण सिकाइमा ICT को प्रयोगको लागि अनुदान(SSDP) | विगतमा विद्यालय क्षेत्र सुधार कार्यक्रम वा विद्यालय क्षेत्र विकास कार्यक्रमबाट यस प्रकृतिको अनुदान प्राप्त नगरेका विद्यालयहरुले मिति २०७७/०९/१४ गतेभित्र मागपत्र पेश गर्ने । | माध्यमिक विद्यालयलाई पहिलो प्राथमिकता (आधारभूत विद्यालय कक्षा ६-८ लाई कार्यक्रम बचत भएमा प्रदान गरिने) |
| ४ | दिवा खाजा(SSDP) | प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ पाँच सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रति विद्यार्थी रु.१५ का दरले १८० दिनको लागि विद्यालयको खातामा यस कार्यालयबाट निकासा हुने र विद्यालयले कार्यालयको शिक्षा शाखासँग समन्वय गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोके अनुसार व्यवस्था मिलाउने । | सबै सामूदायिक विद्यालयका प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुको लागि |

बोधार्थ:
श्री सूचना प्रविधि शाखा: वेवसाइटमा अपलोडको लागि ।

०९/०८
शाखा अधिकृत (शिक्षा प्रशासन)

Email: malaraniruralmun@gmail.com Website: www.malaranimun.gov.np